# के अपेक्षा गर्ने: कोभिड-19 स्टेट खोप केन्द्रमा जाने ट्रान्सक्रिप्ट

*[मधुर सङ्गीत]*

[पार्किङ अभिवादनकर्ता] शुभ प्रभात ! के आज तपाईंका कुनै अपोइन्टमेन्ट छन् ?

[अनस्क्रिन पाठ] हो, हाम्रा अपोइन्टमेन्टहरू छन् ।

[पार्किङ अभिवादनकर्ता] हो, तपाईंका अपोइन्टमेन्टहरू छन्, ठीक छ । तपाईं दुबै जना 18 वर्षभन्दा बढी उमेरका हुनुहुन्छ ।

[अनस्क्रिन पाठ] हो, हाम्रो उमेर 18 वर्षभन्दा बढी छ ।

[पार्किङ अभिवादनकर्ता] ठीक छ । के तपाईंमध्ये कुनैमा अशक्तता, गतिशीलता सम्बन्धी समस्या वा हिंड्नमा समस्या छ?

[अनस्क्रिन पाठ] छैन

[पार्किङ अभिवादनकर्ता] ठीक छ । के हुन्छ भने तपाईं सीधा अगाडि जानुपर्छ । सुन्तला रङ्गमा भएका मानिसहरूले कहाँ पार्क गर्ने भनेर तपाईंलाई देखाउने छन् । तपाईंले पार्क गर्नुभएपछि, तपाईं ठूलो पालमा जानुहुने छ । तपाईंको दिन शुभ रहोस् ।

*[मधुर सङ्गीत]*

[बाहिरी अभिवादनकर्ता] तपाईंले लगाइरहेको मास्कको यो ओभरटप राख्नुहोस् । आफ्नो बारकोड तयार पार्नुहोस् । तपाईंको दायाँ तर्फको पालमा ।

*[मधुर सङ्गीत]*

[अनस्क्रिन पाठ] सबै स्टेट खोप केन्द्रहरूमा भाषिक सहायता उपलब्ध छ ।

[आन्तरिक कर्मचारी] तपाईंको हालखबर के छ म्याडम ? परामर्शको लागि के म तपाईंको बारकोड हेर्न सक्छु? ठीक छ, यदि तपाईं यताबाट तल झर्नुभयो भने । त्यहाँ उनीहरूले तपाईंको ख्याल राख्नेछन् र तपाईंलाई एउटा टेबलमा पठाउने छन् ।

*[मधुर सङ्गीत]*

[लेन कर्मचारी] तपाईंहरूलाई कस्तो छ, तपाईंहरू तयार हुनुहुन्छ, उत्साहित हुनुहुन्छ ? ठीक छ, अँ, यो अति सरल हुने छ । तपाईंले अब कतै बारकोड देखाइरहनु पर्दैन, हामी अगाडि बढिहाल्ने छौँ र हामी यो तपाईंको फोन नम्बरबाट तान्दै छौँ । त्यसैले, तपाईं तयार भएपछि हामी तपाईंलाई तल लेन एकमा पठाउने छौँ ।

*[मधुर सङ्गीत]*

[चेक-इन कर्मचारी] नमस्ते, शुभ प्रभात । तपाईंले दर्ता गर्नुभएको फोन नम्बर पाऊँ न? तपाईंको नाम र जन्म मिति प्रमाणित गरिदिन सक्नुहुन्छ ? के यो तपाईंको पहिलो डोज हो?

[अनस्क्रिन पाठ] हो

[चेक-इन कर्मचारी] के तपाईंमा आज कुनै पनि कोभिड का लक्षणहरू देखिएका छन्?

[अनस्क्रिन पाठ] छैन

[चेक-इन कर्मचारी] के तपाईं पछिल्लो 14 दिनभित्र कोभिड सङ्क्रमित कसैको सम्पर्कमा आउनुभएको छ?

[अनस्क्रिन पाठ] छैन

[चेक-इन कर्मचारी] यदि तपाईं आफूसँगै खोप लैजान चाहनुहुन्छ भने खोपको बारेमा केही जानकारी यहाँ दिइएको छ र उहाँले तपाईंलाई कहाँ जाने भनेर भन्नुहुने छ ।

[भित्रका कर्मचारी] नमस्ते म्याडम, शुभ प्रभात । कृपया मेरो पछिपछि आउनुहोस् त ।

*[मधुर सङ्गीत]*

[खोप लगाउने कर्मचारी] कृपया तपाईंको नाम र जन्म मिति प्रमाणित गरिदिन सक्नुहुन्छ ? म तपाईंलाई दुई-तीन ओटा छोटा-छोटा प्रश्नहरू सोध्ने छु । मेरो नाम सन स्किनर हो, म आज तपाईंलाई खोप लगाइदिने छु । के गत 14 दिनभित्रमा तपाईंले खोप लगाउनुभएको छ?

[अनस्क्रिन पाठ] छैन

[खोप लगाउने कर्मचारी] के तपाईंमा रुघा वा फ्लू जस्ता कुनै लक्षण देखिएको छ?

[अनस्क्रिन पाठ] छैन

[अनस्क्रिन पाठ] तपाईंलाई खोप प्रति कुनै पनि एलर्जी वा विगतमा कुनै पनि एलर्जीक रियाक्सन हुने-नहुने बारेमा प्रश्न सोधिने छ ।

[खोप लगाउने कर्मचारी] र अब तपाईंका कुनै पनि प्रश्न छन् कि ?

[अनस्क्रिन पाठ] खोप लगाउँदा दुख्छ कि?

[खोप कर्मचारी] तपाईंले सायद केही महसुस नगर्न पनि सक्नुहुन्छ, यदि तपाईंले केही महसुस गर्नुभए पनि, यो चिमटेको जति पनि दुख्ने छैन । तपाईं तयार भएर आफ्नो बायाँ काँध खोलिदिनुहोस् ।

[अनस्क्रिन पाठ] तपाईंले थाहा नै नपाई सो सकिने छ!

[खोप लगाउने कर्मचारी] यो तपाईंको खोप कार्ड हो । तपाईंले के गर्नुपर्छ भने, तपाईंले यहाँ आफ्नो विवरण भर्नुपर्ने हुन्छ र यसलाई दोस्रो डोजको लागि ल्याउन भुल्नुहुँदैन । तपाईंको दोस्रो डोजको रेकर्ड यहीँ राखिने छ । अहिले तपाईं जानुहुने छ - त्यहाँ कालो पर्दा पछाडि अवलोकन क्षेत्रमा जानुहोस् । त, तपाईं त्यहाँ 15 मिनेट पर्खिनुहुने छ र त्यसपछि तपाईं जान सक्नुहुन्छ !

*[मधुर सङ्गीत]*

[अवलोकन कर्मचारी] नमस्ते, शुभ प्रभात! कृपया यतातिरको कुनै कुर्सीमा बस्नुहोस् । तपाईं 15 मिनेटसम्म आफैँ समय हेरेर बस्नुहुने छ । यदि तपाईंका कुनै प्रश्न, सरोकार छन् भने आफ्नो हात उठाउनुहोस् । 15 मिनेट बिताइसक्नुभएपछि, तपाईं बायाँतिरको ढोकाबाट प्रस्थान गर्नुहुने छ ।

*[मधुर सङ्गीत]*

[अनस्क्रिन पाठ] 15 मिनेटपछि ।

*[मधुर सङ्गीत]*

[अनस्क्रिन पाठ] सेल्फी स्टेशनमा एक सेल्फी लिनुहोस् ! यसलाई #RollUpYourSleevesMN ह्यासट्याग गरेर सामाजिक सञ्जालमा पोस्ट गर्नुहोस् ।

*[मधुर सङ्गीत]*

[अनस्क्रिन पाठ] आजै कोभिड-19 खोपको लागि अपोइन्टमेन्ट लिनुहोस् ! Vaccineconnector.mn.gov वा 833-431-2053 मा कल गर्नुहोस् (सोम-शुक्र बिहान 9 बजे - साँझ 7 बजे, शनिबार बिहान 10 बजे - साँझ 6 बजे)

*[मधुर सङ्गीत]*

Minnesota Department of Health
Communications Office
PO Box 64975
St. Paul, MN 55164-0975
651-201-4989
health.communications@state.mn.us
www.health.state.mn.us

5/12/21 (Nepali)

*यो जानकारी भिन्न ढाँचामा प्राप्त गर्न यो नम्बरमा फोन गर्नुहोस्: 651-201-4989*